# परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीको

# २०६८ सालको एसएलसी पूरक परीक्षासम्बन्धी सूचना

२०६९ साल साउन १७ गतेबाट सञ्चालन हुने एसएलसी पूरक परीक्षामा सम्मिलित हुनको निमित्त परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको आवेदन (अनुमतिपत्र) मा विवरण भरी फोटो टाँसी निम्न प्रक्रिया पुऱ्याई विद्यालयमार्फत् सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा २०६९ साउन १० गतेभित्र निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित सबै पक्षले यसै सूचनालाई आधार मानी कार्य सम्पन्न गर्नुहुन अनुरोध छ ।

१. २०६८ सालको एसएलसी परीक्षामा बढीमा २ (दुई) विषयसम्म अनुत्तीर्ण परीक्षार्थीहरू पूरक परीक्षामा सामेल हुन पाउनेछन् ।

२. आवेदन दिने म्याद : २०६९ साउन १० गतेभित्र (विलम्ब दस्तुर तिरी निवेदन दिने म्याद राखिएको छैन) ।

३. आवेदन दस्तुर प्रतिपरीक्षार्थी रु ३५०।– (तीन सय पचास) का दरले राजस्व खाता १४२२३ मा दाखिला गर्नुपर्नेछ ।

४. आवेदन फाराम सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध हुनेछ ।

५. आवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरू :

    (क) एसएलसी परीक्षा २०६८ को लब्धांकपत्र/मार्कलेजरको प्रमाणित प्रतिलिपि,

    (ख) एसएलसी परीक्षा २०६८ मा प्राप्त गरेको प्रवेशपत्रको प्रमाणित प्रतिलिपि,

    (ग) तोकिएको दस्तुर बुझाएको बैंक भौचर वा सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा राजस्व बुझाएको नगदी रसिद ।

६. प्रवेशपत्रको व्यवस्था : एसएलसी परीक्षा २०६८ को प्रवेशपत्र नै पूरक परीक्षाको निमित्त प्रवेशपत्र कायम गरिएको हुँदा सोही प्रवेशपत्र र प्रवेशपत्रमा उल्लेखित सिम्बोल नम्बरबाट परीक्षा दिनुपर्नेछ ।

७. प्रवेशपत्र हराएमा सम्बन्धित विद्यालयका प्राधानाध्यापकले २०६८ सालको एसएलसी परीक्षामा २ विषयसम्म अनुत्तीर्ण भएका विषयहरू, परीक्षार्थीको नाम, थर सिम्बोल नम्बरसमेत उल्लेख गरी फोटो टाँसी प्रमाणित गरिएको पत्रसाथ सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा राजस्व बापत रु ५०। बुझाएपछि जिशिकाले सम्बन्धित अन्य कागजात भिडाई प्रवेशपत्रको प्रतिलिपि दिन सक्नेछ ।

८. २०६८ सालको एसएलसी पूरक परीक्षाको समय तालिका निम्नानुसार रहेको छ -

**परीक्षा सञ्चालन समय : बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०६९ साल साउन १७ बुधबार | अनिवार्य अंग्रेजी<br>वेद विद्याश्रमतर्फ– अनिवार्य संस्कृत व्याकरण र अनुवाद |
| २ | २०६९ साल साउन १८ बिहीबार | अनिवार्य नेपाली<br>गैरनेपाली परीक्षार्थीहरूको लागि अंग्रेजी |
| ३ | २०६९ साल साउन १९ शुक्रबार | अनिवार्य गणित |
| ४ | २०६९ साल साउन २० शनिबार | अनिवार्य सामाजिक अध्ययन |
| ५ | २०६९ साल साउन २१ आइतबार | अनिवार्य विज्ञान<br>वेदविद्याश्रमतर्फ – अनिवार्य संस्कृत भाषा र साहित्य |
| ६ | २०६९ साल साउन २२ सोमबार | अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा<br>वेदविद्याश्रमतर्फ – अनिवार्य कर्मकाण्ड |

| | | |
|---|---|---|
| | | संस्कृततर्फ – अनिवार्य संस्कृत भाषा |
| ७ | २०६९ साल साउन २३ मंगलबार | ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| ८ | २०६९ साल साउन २४ बुधबार | ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू |

- कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाविना परीक्षा स्थगित हुनेछैन।
- परीक्षा हलमा प्रवेश गर्न अनुमतिपत्र र प्रवेशपत्र अनिवार्य हुनुपर्नेछ ।
- तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरूलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।
- नियमित परीक्षाको प्रवेशपत्रमा उल्लेखित सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा रद्द गरिनेछ ।

द्रष्टव्य : (१) परीक्षाफल स्थगित भएका परीक्षार्थीहरूको कारणसहितको सूचना प्रकाशित गरिएको छ । नतिजा प्रकाशित भएको २ महिनाभित्र आवश्यक प्रमाणहरू पेस गरिसक्नुपर्नेछ, अन्यथा कारवाही हुनेछैन ।

(२) दोहोरो रजिष्ट्रेसन/आवेदन फाराम भरेका कारणले नतिजा स्थगित भएका परीक्षार्थीहरुले रजिष्ट्रेसन/आवेदन फाराम भरेका दुवै तर्फका विद्यालयहरुले आफ्नो विद्यार्थी हो होइन भनी किटानी गरेको सिफारिसपत्र र सो सम्बन्धमा जिल्ला शिक्षा कार्यालयको किटानी रायसहितको सिफारिसपत्र साथ परीक्षा नियन्त्रण कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) सक्कल लब्धांकपत्र र मूल प्रमाणपत्र जिल्ला शिक्षा कार्यालयमार्फत् विद्यालयमा पठाइनेछ । जिल्ला शिक्षा कार्यालयले मूल प्रमाणपत्रबापत प्रति मूल प्रमाणपत्र रु. २०० का दरले राजस्व खाता नं. १४२२३ मा राजस्व जम्मा गर्न लगाएर मात्र विद्यालयलाई मूल प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ ।

(४) विद्यालयले सक्कल लब्धांकपत्र र मूल प्रमाणपत्र प्राप्त भएपछि सिम्बोल नम्बरअनुसार नाम, थर, जन्ममिति भिडाई मेल खाएमा मात्र सम्बन्धित परीक्षार्थीलाई वितरण गर्ने, अन्यथा आवश्यक प्रमाणका साथ प.नि.का.मा फिर्ता गरी संशोधन भएपछि मात्र वितरण गर्नुपर्नेछ ।

(५) लब्धांकपत्रमा कुनै कारणले नाम, थर, जन्ममिति लगायत आवश्यक विवरण फरक परेमा प्रवेशपत्रअनुसार सच्याउनुपरेमा परीक्षा नियन्त्रण कार्यालयमा र प्रवेशपत्रमा लेखिएको विवरण नै सच्याउनुपरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवश्यक प्रमाणसहित ६ महिनाभित्र निवेदन दिई क्षेत्रीय शिक्षा निर्देशनालयमार्फत् सच्याउनुपर्नेछ ।

(६) सक्कल प्रवेशपत्रका आधारमा फरक परेको विवरण सच्याउनुपरेमा परीक्षा नियन्त्रण कार्यालयबाटै सच्याउने व्यवस्था गरिएकोले क्षेत्रीय शिक्षा निर्देशनालयहरूले पनि त्यस्ता परीक्षार्थीलाई सोझै परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

(७) परीक्षार्थीले आफूले प्राप्त गरेको कुनै पनि विषयको प्राप्तांकमा चित्त नबुझी पुनर्योग गर्न चाहेमा नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र प्रतिविषय रु ३००। का दरले राजस्व बुझाई क्षे.शि.नि.वा प.नि.का.मा निवेदन दिनुपर्नेछ । निवेदनमा आफ्नो नाम, सिम्बोल नम्बर र परीक्षा केन्द्र स्पष्ट रुपमा उल्लेख गरी लब्धांकपत्रको प्रतिलिपिसमेत संलग्न गर्नुपर्नेछ । वेभसाइटबाट डाउनलोड गरेको लब्धांकपत्र पनि राख्न सकिनेछ ।

(८) कुनै कुरा स्पष्ट नभएमा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी (६६३०७३९, ६६३०८१९,६६३००७०) मा सम्पर्क गर्न सकिनेछ । यो विवरण परीक्षा नियन्त्रण कार्यालयको Website : www.soce.gov.np मा पनि हेर्न सकिनेछ ।